# बागमती नगरपालिकाका उप-प्रमुख रुपा बम्जनले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८२/८३ को राजस्व तथा व्ययको अनुमान

बागमती नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

कमैंया सर्लाही

१.उपस्थित सभाध्यक्ष्य ज्यु, वडा नं.१ देखि १२ सम्मका वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु,वडा समिति सदस्यज्यूहरु, बागमति नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतज्यू, शाखा प्रमुख तथा कर्मचारीज्युहरु, सुरक्षा निकायका प्रतिनिधिज्यूहरु, पत्रकार मित्रहरु तथा अन्य उपस्थित महानुभावहरुमा मेरो सादर नमस्कार टक्र्याउछु।

२.आर्थिक वर्ष २०८२।०८३ मा यस नगरपालिकाको सभामा बजेट पेश गर्न उपस्थित भएको छु । यसै क्रममा सङ्घीय लोकितान्त्रिक गणतन्त्र स्थापनाका लागि अमूल्य जीवन उत्सर्ग गर्नु हुने प्रातः स्मरणीय महान् शहिदहरूप्रति श्रद्धा सुमन अर्पित गर्दछु साथै यस क्रममा भएका सबै आन्दोलन तथा सङ्घर्षको नेतृत्व गर्नु हुने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु । साथै, बेपत्ता परिवार, घाइते, अपाङ्ग तथा आन्दोलनमा अमूल्य योगदान गर्ने सम्पूर्ण दिदी बहिनी र दाजभाइहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३.बागमती नगरपालिकाको यसै वर्ष स्वीकृत गरेको प्रथम आवधिक योजनाको आधारलाई प्रमुख मानि बजेट तयार गरेको छु ।

४.स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नेपालको संविधानको अनुसूची-८ मा उल्लेख भएका स्थानीय तहको समग्र विकासका योजनाहरू निर्माण, कार्यान्वयन तथा अनुगमन गर्ने स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन तथा आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्राविधिक र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने अधिकार प्रदान गरेको छ ।

५.निर्दिष्ट समय सीमाभित्र रही निश्चित प्रकारका विकास योजनाहरूलाई निर्दिष्ट उपलब्धिहरू हासिल गर्ने हेतुले निर्माण गर्दा विकासका क्रियाकलापहरू व्यवहारिक, समय सान्दर्भिक र उच्च प्रतिफलमूखी हुने हाम्रो विश्वास छ।यस नगरपालिकामा १० वर्ष वा सो भन्दा माथिका जनसंख्या मध्ये आर्थिक रुपमा सक्रिय ६९.६% रहेकोमा ८०% पुर्याउने लक्ष्य लिईएको छ ।

६.नेपालको संविधान २०७२ को अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (छ) र दफा २४ बमोजिम संघीय तथा प्रादेशिक कानुन तथा नीति नियमहरूसँग सङ्गत हुने गरी स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड निर्माण गरिएको छ ।

७.लामो समय देखि विभिन्न कारणले सुस्ताएको नगरपालिकाको गतिविधि स्थानिय सरकार सञ्चालन ऐन २०७४ शंशोधन भई अन्यौल रहेको नगर प्रमुख तथा नगर उपप्रमुख पदमा नगर कार्यपालिकाले नै छनौट गर्न सक्ने अधिकार प्राप्त भए पछि नगरपालिकाले गति प्राप्त गरेको छ।यस बाधा अड्को फुकाउ कार्य गरि दिएकोमा नेपाल सरकारलाई धन्यवाद दिन चाहन्छु ।

८.आर्थिक तथा सामाजिक क्षेत्रमा परिणाममुखि कार्य गरी नगरवासीहरुमा लाभ पुग्ने गरी बजेट व्यवस्था गरेको छु । यस वर्षका योजना तथा कार्यक्रमहरुले बागमति नगरपालिकाको लक्ष्य "भूमिको वैज्ञानिक सदुपयोग गरि आधुनिक र व्यवसायिक कृषि, पर्यटन र दिगो पुर्वाधार विकास मार्फत स्वच्छ, सुन्दर र समुन्नत नगरपालिका निर्माण गर्ने" हासिल गर्न सघाउ पुग्ने विश्वास लिएको छ।

९.बागमति नगरपालिकाको दिर्घकालिन सोच "स्वास्थ्य, शिक्षा, कृषि र रोजगार, समृद्ध बागमती, पर्यटन र पूर्वाधार" सहित यस नगरपालिकाको प्रथम आवधिक योजना स्वीकृत गरेको छ । नगरवासीहरुको जीवन स्तरोन्नति तथा विकास कार्यक्रमहरु परिणाममुखि अनुभूति योग्य हुनेमा विश्वास लिएको छु ।

१०.बजेट तर्जुमा गर्दा नेपालको संविधानको धारा ५९ बमोजिम विभिन्न तहका सरकारहरूलाई प्राप्त वित्तीय अधिकार तथा धारा ६० बमोजिम राजश्व श्रोतको बाँडफाँट गर्ने प्रावधानहरूलाई समेत राजश्वको अधिकार, त्यसको बाँडफाँट, ऋण, अनुदान, आन्तरिक आय, बजेट व्यवस्थापन, सार्वजनिक खर्च र वित्तीय अनुशासन कायम गर्न आवश्यक व्यवस्थाहरू तथा यसै बमोजिम प्राप्त भएका बजेट सिलिंग तथा स्वीकृत आवधिक योजनालाई आधार वनाएर गरिएको छ ।

सभा अध्यक्ष्य महोदय,

अब म बागमती नगरपालिकाको विद्यमान आर्थिक र चालु वर्षको बजेट कार्यन्वयनको अवस्था प्रस्तुत गर्न चाहान्छु ।

ालु वर्षको हालको समय सम्ममा नेपाल सरकारबाट प्राप्त हुने अनुदान, मधेश प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, राजश्व बाँडफाँड तथा आन्तरिक आय देहाय बमोजिम रहेको छ ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | आन्तरिक आय | १करोड ५५ लाख ५१ हजार |
| २ | राजश्व बाँडफाँड | ८ करोड ३८ लाख ५३ हजार |
| ३ | संघिय समानिकरण अनुदान | ११ करोड ४८ लाख ८३ हजार |
| ४ | प्रदेश समानिकरण अनुदान | ६८ लाख १३ हजार |
| ५ | अनुदान | २९करोड ९४ लाख १५ हजार |
| ६ | अन्य श्रोत | |
| | जम्मा | **५२ करोड ५ लाख १५ हजार** |

चालु वर्षको हालको समय सम्ममा विभिन्न शिर्षकमा चालु खर्च तर्फ रु.२३करोड ६४लाख ५०हजार र पूँजिगत खर्च तर्फ रु.२२करोड ८५लाख १हजार खर्च भइ सकेको सम्मानित नगरसभामा जानकारी गराउन चाहन्छु ।

यस नगरपालिकाले चालु वर्षमा कार्यपालिकाले पुर्णता पाए पछि योजना अनुगमन कार्य तथा न्यायिक समितिको बैठकहरु नियमित रुपमा हुन थालेको छ । स्थानिय साना किसान सहकारी संस्थाको लगानी सहभागितामा दाना उद्योग निर्माण अन्तिम चरणमा छ। नेपाल सरकारको अनुदानमा बौद्ध स्तुपा निर्माण यसै वर्ष थालनि भएको छ तथा नमूना विद्यालयको निर्माण कार्य द्रुत गतिमा अगाडि बढेको यस सभामा जानकारी गराउन चाहन्छु। नगर गौरवका आयोजनाहरुलाइ शिघ्र सम्पन्न गराउन नगरपालिका प्रयत्नशिल रहेको छ। बिद्यालयहरुको भौतिक अवस्थाहरुलाइ समयानुकुल सुधार तथा अध्ययनमैत्रि वनाउन जनप्रतिनिधिस्तरबाट निरिक्षण तथा अनुगमन भइ यसको प्रतिवेदन पेश भइ सकेको छ ।

सभाध्यक्ष महोदय

नगरपालिका क्षेत्रभित्र रहेका निजि स्तरबाट सञ्चालित मेडिकल व्यवसायहरुलाइ मापदण्ड विपरित भए नभएको अनुगमन निरिक्षण गरी मापदण्ड विपरिंत भएका व्यवसायहरु बन्द गर्न सूचना जारी गरिएको छ। दर्ता नगरी वसेका तथा नविकरण नगराएका संस्थागत विद्यालयहरुलाइ २०८२ असार सम्म जरिवाना छुट गरी दर्ता तथा नविकरण गर्नका लागि सूचना जारी गरिएको छ। नियमानुसार दर्ता नभएका व्यवसायीहरुलाइ नगरपालिकामा आइ व्यवसाय दर्ता गर्न तथा नविकरण नगरेकालाइ अनिवार्य नविकरण गर्न सूचना जारी गरिएको छ, फलस्वरुप नगरपालिकाको आन्तरिक आयमा बृद्धि हुने विश्वास लिएको छु।

सभा अध्यक्ष्य महोदय,

अब म आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

बागमती नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को कुल बजेट रु.१ अरब ३ करोड २६ लाख ९ हजार ३७६ अनुमान गरेको छु। जस मध्य चालु तर्फको व्यय रु१० करोड ४६ लाख र पुजीगत तथा कार्यक्रम तर्फको ब्यय रु७० करोड ५० लाख ९ हजार ३७६ तथा शसर्त अनुदान तर्फ रु२१ करोड ४३ लाख र विशेष अनुदान तर्फ रु८७लाख प्रस्ताव गरेको छु। खर्च व्यहोर्ने श्रोतहरुमा नेपाल सरकार अनुदान, राजश्व बाँडफाँड, प्रदेश सरकार अनुदान र आन्तरिक आय तथा नगर विकास कोष र निजि क्षेत्र गैह्र सरकारी संस्थाहरु प्रस्ताव गरेको छु। जसको बिस्तृत विवरण अनुसुचिहरुमा उल्लेख गरेको छु।

क.आर्थिक क्षेत्र

१. कृषि, मत्स्य, पशुपंक्षी तथा जडीबुटी

तराईको समथर भू—भाग रहेको यो नगरपालिकामा मलिलो जमिनको प्रधानता रहेकोले यहाँको समृद्धिको प्रमुख संवाहक नै कृषि क्षेत्र हो । यहाँका उत्पादन हुने प्रमुख खाद्यान्न बालीहरू धान, मकै, गहुँ, हुन् भने फलफूलहरू मेवा, आँप, केरा, लिची, भूईंकटहर, अम्बा, कागती, रुखकटहर आदि हुन् । त्यसैगरी दलहन

बालीहरू मसुरो, मुङ्ग, रहर, बोडी, मास, केराउ, सिमी आदि, तेलहन बालीहरू तोरी, तील, रायो, सस्र्यूँ आदि रहेका छन् भने यहाँ प्रशस्त मात्रामा मौसमी तथा बेमौसमी तरकारी बालीहरु उत्पादन हुने गर्दछ ।

परम्परागत तथा निर्वाहमूखी कृषि प्रणाली, पर्याप्त सिँचाईको अभाव, बीउ विजन, मलखाद र शीत भण्डारणको उचित प्रबन्ध नहुनु, कृषिको व्यवसायिकरण र कृषि उपजको बजारीकरण नहुनु रैथाने जातका बालीनालीहरू लोप हुने जोखिम रहनु जस्ता समस्या र चुनौती यस क्षेत्रमा देखिएका छन् ।आधुनिक, व्यावसायिक, उच्च प्रतिफलयूक्त निर्यातमूखी कृषिलाई दीर्घकालीन सोचको रुपमा स्थापित गर्दै संघ,तथा प्रदेशले विनियोजन गरेको बजेटको अतिरिक्त बजेट विनियोजन गरेको छु । यस बर्ष अन्न भण्डारण भवन निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ रु.८०लाख बजेट विनियोजन गरेको छु ।

स्थानीय साना किसान सहकारी संस्थाको लागत सहभागितामा निर्माण भएको दाना उधोग शुभारम्भ गर्ने लक्ष्य लिएको छु र यसबाट नगरवासीलाई प्रत्यक्ष्य लाभ पुग्ने विश्वास छ ।

नगरपालिकाको पहाडी क्षेत्रमा भएका जडिबुटीहरुको व्यावसायिक उत्पादन गर्न सम्भावव्यता अध्ययन तथा कृषक अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ । पशु सुत्केरी प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिएको छु ।

कृषि तथा पशुपंक्षीको तथ्यांक अध्यावधिक, कृषक सूचीकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ । विभिन्न प्रकारका प्रविधि तथा कृषि मेसनरीहरुमा विशेष सहुलियत र अनुदान कार्यलाई निरन्तरता दिईनेछ ।

नगरवासिको माग अनुसार माछा पोखरीमा प्राविधिक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाएको छु। बागमती माछा पोखरीमा माछाका लागि प्राविधक सहयोग लिने व्यवस्था गरेको छु ।

कृषि बालि तथा पशुहरुमा फैलने महामारी रोकथामको लागि महामारी रोकथाम कोष स्थापना गर्न आवस्यक कानुन, मापदण्ड तथा बजेट व्यवस्था

गरेको छु । सखुवानीमा आधुनिक तरकारी संकलन केन्द्र तथा कृषि बजारको निर्माण यसै बर्ष थालनी गरिनेछ। यसका लागि नेपाल सरकार समपुरक अनुदान बाट रु.८७लाख प्राप्त भएको तथा यस नगरपालिकाबाट रु.२करोड अस्सि लाख विनियोजन गरेको छु। जैविक विविधंता सहितको बृहत फलफुल तथा तरकारी नर्सरी स्थापना गरि वार्षिक ५ लाख विरुवा निःशुल्क वितरण गरिनेछ । यसका लागि रु.२० लाख विनियोजन गरेको छु । खाद्य अधिकारलाई मौलिकका रुपमा प्रत्याभूत गर्न खाद्य सहयोग कोष स्थापना गरिनेछ । कृषि उत्पादनलाई प्रोहोत्सान हुने गरि अन्न भण्डारण भवन संचालनमा ल्याईनेछ । उक्त भवनलाइ ठेक्का प्रकृयाबाट आयआर्जनको स्रोतका रुपमा विकास गरिनेछ । कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलताको कार्यक्रम अगाडी बढाईने छ । कृषि तथा पशुपंक्षीमा कुल रु.८८लाख ८८हजार बजेट विनियोजन गरेको छु।

२. उद्योग, वाणिज्य, खानी, खनिज तथा आपूर्ति

"नगरपालिकाको आर्थिक वृद्धिदर कृषिमा आधारित उद्योगको भर" भन्ने दिर्घकालिन सोचका साथ कृषि उधोग र व्यापारको माध्यमबाट व्यापक रोजगारी सृजना गरि वि.स.२०९० भित्र मधेस प्रदेशको नमुना नगरपालिका बनाउने लक्ष्य लिएको छु ।

निजि क्षेत्र र अगुवा कृषकको समन्यव र  सहकार्यमा कम्तिमा एक वडा एक कृषिमा आधारित उद्योग संचालन गर्न प्रोहोत्साहित गरिनेछ ।

स्थानीय कृषि उद्योगबाट उत्पादित सामाग्रीको ब्राण्डिङ्ग गर्ने कार्यका लागि नेपाल सरकार र मधेस प्रदेश सरकार संग पहल तथा सहजीकरण गरिनेछ ।

स्थानीय बजार खाद्य बस्तु विक्रि वितरणको नियमित अनुगमन र नियमन गरिनेछ । यसबाट उपभोक्ताको हक हित सुरक्षित हुने विश्वास लिएको छु ।

बागमती नदिमा भएको नदि जन्य पदार्थ उत्खननका लागि छिमेकि नगरपालिका संग भएको समझदारी अनुसार स्वीकृत वातावरणीय प्रभाव

मुल्यांकनका आधारमा उत्खनन् गरिनेछ । यस नगरपालिकाको प्रमुख आयको स्रोत नदि जन्य पदार्थको ठेक्का उपयुक्त समयमा नै लगाउने व्यवस्था मिलाएको छु ।

३. **पर्यटन** : यस नगरपालिका अन्तर्गत रहेका साना ठुला गरि ३५ वटा भन्दा बढी धार्मिक तथा ऐतिहासिक पर्यटीय स्थलहरु र बागमती माछा पोखरीलाई प्राथमिकीकरण गरि प्रमुख पर्यटकीय गन्तव्यका रुपमा निर्कौल गरिनेछ । प्रमुख पर्यटक स्थलमा सबै मौसममा चल्ने कालो पत्र सडक तथा सुरक्षाको व्यवस्था मिलाईनेछ । पर्यटन, सुचना व्यवस्थापन तथा सुचना केन्द्रलाई पूर्वाधार सम्पन्न बनाई रास्ट्रीय तथा अन्तराष्ट्रिय स्तरमा यहाँको पर्यटकीय स्थलको प्रसार प्रसार गरिनेछ र सोको लागि संचार क्षेत्रसंग सहकार्य गर्न बजेट बिनियोजन गरेको छु । निर्माणाधीन बागमती माछा पोखरी, फन पार्कका लागि बजेट व्यवस्थापन गरि दिन संघ,र प्रदेश समन्वय गरिनेछ । पर्यटन स्थललाई व्यवस्थित, मर्यादित रुपमा संचालन गर्नका लागि विभिन्न स्थानमा रहेको जग्गाको भोग अधिकारको समस्यालाई निराकरण गर्न नेपाल सरकार संग पहल गरिनेछ । ओपेन जु को सम्भाव्यता अध्ययन भईसकेको छ यसका लागि गुरु योजना निर्माण गरिनेछ ।
पर्यटन क्षेत्र घोषणा मापदण्ड निर्माण गरि मापदण्ड पुगेका क्षेत्रलाई पर्यटन क्षेत्र घोषणा गर्ने कार्य अगाडी बढाईने छ । बागमती नगरपालिकाको पर्यटन प्रवर्द्धनका लागि बागमती माछा पोखरीमा पर्यटन महोत्सव गर्न रु.८ लाख विनियोजन गरेको छु । श्री ३ जङ्ग बहादुर राणा समाधि स्थल पार्कको DPR बमोजिमको कार्य पाञ्चायान समितिको लगानीमा अगाडी बढाउन गृह कार्य भै रहेको जानकारी गराउन चाहन्छु।

४. **भुमि व्यवस्थापन/भू उपयोग**

यहाँको कुल १०१.२ वर्ग कि.मि. क्षेत्रफल मध्ये खेतीयोग्य जमिनले सबैभन्दा बढी अर्थात ७१.५२ प्रतिशत जमिन ओगटेको छ । यसैगरी वनजंगलले

१८.५९ प्रतिशत जमिन ओगटेको छ भने आवास क्षेत्रले ५.६३ प्रतिशत ओगटेको छ । नदी क्षेत्रले १.४४ प्रतिशत भू-भाग ओगटेको छ । व्यवस्थित र वैज्ञानिक भू-उपयोग योजना निर्माण गरी भूमिको पूर्ण सदुपयोग मार्फत यस नगरपालिकाको दीर्घकालीन समृद्धि हासिल गरिनेछ । परम्परागत खेती प्रणाली निरुत्साहित गरि उपलब्ध कृषियोग्य क्षेत्रलाई वैज्ञानिक तवरले सदुपयोग गर्न तथा सार्वजनिक जग्गाको अतिक्रमण, नदी कटान, जमिनको बहुउपयोग कार्यका लागि सम्भाव्यता अध्ययन, अभिमुखीकरण र अनुगमन गरिनेछ। बाझो, जग्गा, वगर क्षेत्र पहिचान गरी खेति गर्न तथा भूमिको उच्चतम उपयोग गर्न उत्साहित गरिनेछ। कृषि अनुदान कार्यक्रममा यस प्रकारका कृषकलाई विशेष प्राथमिकतामा राखिनेछ । भुमि व्यवस्थापन प्रणाली व्यवस्थित गरि भुमि बैंक स्थापना गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ ।

नगरपालिका क्षेत्र भरिका बिगतमा बनेका घरहरु अद्यावधिक गर्ने कानुनि प्रावधान अनुसार लगत अद्यावधिक गर्ने व्यवस्था मिलाएको छु । आवादी, ऐलानी जमिनलाई वर्गीकरण गरिनेछ । कम्पोष्ट माल प्रयोग गरि विसादीको प्रयोगलाई निरुत्साहित गर्न सघ, प्रदेश र निजि क्षेत्रसंग पहल गरिन्नेछ ।

## ५. सहकारी

सहकारी संस्थाको संस्थागत विकास, क्षमता अभिवृद्धि, कुशल व्यवस्थापन र विस्तारका लागि  अभिमुखीकरण तथा क्षमता विकास तालिम संचालन गर्न बजेट विनियोजन गरेको छु । कोपोमिस प्रणालीमा सहकारीलाई आवद्ध गराई सहकारीको तथ्यांक अद्यावधिक गर्ने तालिमको व्यवस्था मिलाएको छु ।

सहकारीहरुको नियमित अनुगमन तथा नियमन प्रभावकारी ढंगले गर्ने व्यवस्था मिलाएको छु । तत्कालिन जिल्ला विकास समिति अन्तर्गत संचालन भएको गरिवी निवारण कोषका लागि  निकासा भएको विउँ पुजी रकमको एकिन लगत तयार गरि विभिन्न समुहमा छरिएर रहेका सस्थाहरुलाई सहकारीकरण गरि व्यवस्थित गरिनेछ । निस्क्रिय सहकारी सस्थालाई प्रचलित कानुन बमोजिम

खारेजी प्रत्रियामा लगिनेछ । भाका नाघेका कर्जा असुलीका लागि सहकारी संस्थाहरुलाई नगरपालिकाले सहजीकरण गर्ने व्यवस्था मिलाएको छु ।

**६. बैंक तथा वित्तीय क्षेत्र**

प्रत्येक घरधुरीमा बैङ्क तथा वित्तीय संस्थाहरूको सहज पहुँच स्थापित गरि सहज कर्जा प्रवाह र बचत परिचालनमार्फत उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गर्न प्रेरित गरिनेछ तथा आम नागरिकलाई बैंकिङ कारोवारका लागि सहजीकरण गरिनेछ । बैंकबाट भौगोलिक दुरी टाढा भएकाहरुको लागि बैंकिङ पहुँच सहज गर्न भर्चुअल बैंकिङ्ग मार्फत नगरबासीलाई सुविधा प्रदान गर्न बैंक तथा वित्तीय सस्था संग समन्वय गरिनेछ ।

**७. गरिवी निवारण**

दिगो विकास लक्ष्यको पहिलो लक्ष्य सन् २०३० सम्म सबै प्रकारको गरिबीको अन्त्य गर्न लिएको लक्ष्य तथा उद्देश्य अनुरुप नगरपालिकाले बेरोजगार तथा युवाहरुको वास्तविक बस्तुस्थिति अद्यावधिक गरी कार्ययोजना बनाएर बेरोजगार तथा युवाहरुलाई रोजगारका लागि सिपमुलक कार्यक्रम संचालन गरिनेछ। यसका लागि रु.४लाख विनियोजन गरेको छु ।

गरिव परिचय पत्र वितरण यसै वर्ष सम्पन्न भएकोमा त्रुटी भएका परिचय पत्र सच्याएर पुनः वितरण गर्ने व्यवस्था मिलाईनेछ । विपन्न तथा गरिव नागरिकहरुलाई आयमुलक, सीपमुलक क्षमता विकास तालिम मार्फत स्वरोजगारका लागि प्रेरित गरिनेछ । यसका लागि रु.४ लाख छुटयाएको छु। आन्तरिक तथा बिदेशी रोजगारीको तथ्यांक संकलन तथा रोजगार बैंक स्थापना यसै वर्ष गरिने छ।

ख. सामाजिक क्षेत्र

८. शिक्षा विज्ञान तथा प्रविधि : विद्यालय शिक्षालाई प्रतिष्पर्धी, प्रविधि मैत्री र गुणस्तरीय बनाई दक्ष एवंम् सीपयुक्त जनशक्ति उत्पादन गर्न आवश्यक

व्यवस्था मिलाएको छु । शिक्षक विधार्थी तथा भौगोलिक दुरी र यातायात सुविधाका आधारमा विद्यालयको पुनःनक्सांकन र गाभ्ने नीति अवलम्बन गरिने छ । सामुदायिक विद्यालयहरूलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाइनेछ ।यसका लागि आवश्यक उपकरण, भौतिक व्यवस्था र जनशक्तिको प्रवन्ध मिलाइनेछ। विद्यालयको आन्तरिक श्रोत समेतका आधारमा विद्यालयलाई ल्यापटप वा डेष्कटप, प्रिन्टर, फर्निचर तथा पंखा आदी उपलब्ध गराइनेछ। यसका लागि बिद्यालय संस्थागत सुदृढिकरण अन्तर्गत रु.३० लाख विनियोजन गरेको छु । साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्ने र विद्यालयमा नियमित उपस्थित भई निरन्तर शिक्षा प्राप्त गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गरिनेछ साथै सिकेका ज्ञान, सीपलाई प्रमाणीकरण गरि औपचारिक शिक्षासंग सम्बन्ध स्थापना गर्न आवश्यक पहल गरिनेछ। न्युनतम शैक्षिक पूर्वाधारको विकास गरि विद्यालय उमेर समुहका सबै विशेषतः सामाजिक तथा आर्थिक कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्ग भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गरिनेछ। विद्यालयमा कार्यरत बाल विकास सहजकर्ता, शिक्षक, कर्मचारीका साथै विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई क्षमता विकासका लागि कार्यक्रम संचालन गरिनेछ । यसका लागि रु.१० लाख विनियोजन गरेको छु । शैक्षिक संस्थामा विपतका तथा संकटका समयमा बालबालिकाको सिकाई निरन्तरताका लागि आवश्यक मानवीय तथा भौतिक वातावरण निर्माण गरिनेछ । स्थानीय विषयवस्तु, जनशक्तिको प्रयोग गरि आधारभूत तह कक्षा (१-८) को स्थानीय पाठ्यक्रम निर्माणका लागि रु. १५ लाख विनियोजन गरेको छु । बालबालिकाको चौतर्फी विकासका लागि अतिरिक्त क्रियाकलाप संचालन गरिनेछ । जसका लागि रु.१० लाख विनियोजन गरेको छु । पढाईलाई सीप र सीपलाई उत्पादन संग जोड्ने एक विधार्थी एक सीप कार्यक्रमलाइ निरन्तरता दिइएको छ। सामुदायिक र

संस्थागत विद्यालयका बीचमा शैक्षिक गुणस्तर एवम् पहुँचमा समानता कायम गर्न अन्तरविद्यालय अनुगमन भ्रमण-, सिकाई साझेदारी, असल अभ्यास आदानप्रदान लागायतका सहक्रियाकलापहरू निरन्तर रूपमा सञ्चालन गरिनेछ। विद्यालयको भौतिक संरचनालाई बालमैत्री प्रविधि मैत्री बनाउनाई विद्यालय सौन्दर्यकरण, संरचना सुधार, फर्निचरको आधुनिकीकरण गरि सबै आधारभूत तहलाई थप व्यवस्थित गरिनेछ ।उच्च शिक्षाको विकास र प्रवर्धनका लागि कमैया आर्दश जनता क्याम्पसलाई रु.५ लाख अनुदान दिने व्यवस्था गरिएको छ ।

९. स्वास्थ

नेपाल सरकारको "एक स्थानीय तह एक अस्पताल निर्माण" अभियान अन्तर्गत नगरपालिकामा एक १५ शैयाको अस्पताल निर्माण गरी सो अस्पताललाई सुविधा सम्पन्न बनाउने कार्य भईरहेकोमा यसै वर्ष निर्माण सम्पन्न गरि संचालनमा ल्याउन पहल गरिनेछ । कमैया स्वास्थ्य चौकी भवनमा तिलगङ्गा आँखा अस्पतालको सहकार्यमा सेवा सुचारु गरिनेछ । नगरपालिका अन्तर्गतका ४ वटा स्वास्थ्य केन्द्रहरु र २ आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई सुविधा सम्पन्न बनाई नागरिकले प्राप्त गर्ने स्वास्थ्य सेवामा सुधार गरिनेछ तथा कमैया स्वास्थ्य चौकीमा भिडियो एक्सरे सेवा सुचारु गरिनेछ । स्वाथ्यकर्मिको क्षमता विकास गरि प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ सेवा प्राप्त गर्ने मौलिक हकको अनुभूति हुने गरि कार्यक्रम संचालन गरिनेछ । नगरवासीलाई एम्बुलेन्स सेवाको व्यवस्था गर्न नगरपालिका तथा छिमेकी नगरपालिकामा भएको उपलब्ध स्रोत साधनको उच्चतम उपयोग गर्ने तर्फ विधि निर्माण गरिनेछ । नगरवासीको स्वास्थ्य संवेदनशील क्षेत्र भएकोले मापदण्ड नपुगेका मेडिकल व्यवसायीको दर्ता खारेजी तथा नियमित अनुगमन तथा सुपरिवेक्षण सुरु गरिसकिएको छ यो कार्यलाई निरन्तरता दिईनेछ । स्वास्थ सेवामा सहज पहुँचका लागि सबै मौसममा चल्ने सडक पूर्वाधार निर्माण गरिनेछ । आयुर्वेद,

प्राकृतिक चिकित्सा र फिजियो थेरापी मार्फत हुने स्वास्थ सेवा संचालनका लागि उपयुक्त वातावरण निर्माण गरिनेछ। स्वास्थ विमा गर्न बाकीं नागरिकको लगत तयार गरि विमा गर्न प्रोहोत्सान गरिनेछ। प्याथोलोजी प्रयोगशालालाई सुविधा सम्पन्न गर्नका लागि आवश्यक व्यस्था मिलाएको छु। प्रजनन सेवा, सुरक्षित गर्भपतन सेवा तथा परिवार नियोजनलाई भरपर्दो र विश्वास योग्य बनाउन आवश्यक व्यवस्था मिलाएको छु। परम्परागत रुपमा झारफुक विधिबाट उपचार दिदै आएका धामी, लामा र झाक्रीलाई स्वास्थ्य उपचार विधि सम्बन्धि अभिमुखिकरण गरि विरामीहरुलाई स्वास्थ्य सेवा लिन नजिकका स्वास्थ्य चौकी तथा अस्पतालमा पठाउन प्रेरित गर्न कार्यक्रम संचालन गरिनेछ।

## १०. संस्कृति भाषा कला तथा साहित्य

नगरपालिकामा अस्तित्वमा रहेका र लोपोन्मुख तथा प्रचलित संस्कृति, भाषा तथा साहित्यको जगेर्ना गर्न युवा तथा साँस्कृतिक कार्यक्रम संचालन गरिनेछ। जसका लागि रु.२५ लाख विनियोजन गरेको छु। स्थानीय स्तरमा रहेका भाषा, कला तथा साहित्यको बस्तुगत अभिलेखीकरण गरिनेछ। धार्मिक तथा साँस्कृतिक सम्पदाको लगत तयार गरि पूर्वाधार सुधार र विकास गरिनेछ। धार्मिक पर्यटनको विकासका लागि छिमेकी नगरपालिकासंगको सहकार्यमा धार्मिक सर्किट (रुट) तयार गर्न प्रदेश सरकार संग पहल गरिनेछ। धर्म संस्कृति संरक्षण तथा प्रवर्धनका लागि रु.७ लाख बजेट विनियोजन गरेको छु।

## ११. लैंगिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशिकरण

महिला सुरक्षा र लैङ्गिक न्यायका निम्ति महिला सशक्तिकरणका कार्यक्रमहरु अभियानको रुपमा सञ्चालन गरिनेछ यसका लागि रु. २ लाख विनियोजन गरेको छु। जेष्ठ नागरिकको सामाजिक सुरक्षा र आत्मसम्मान कायम हुने कार्यक्रमलाई प्राथमिकतापूर्वक सञ्चालन गरिनेछ। जेष्ठ नागरिकका लागि

मिलन चौतारी निर्माण गर्ने व्यवस्था मिलाएको छु । यसका लागि रु. नौ लाख विनियोजन गरेको छु । अपाङ्गता भएका नागरिकहरुको कठिनाई न्यूनीकरण गर्ने गरि कार्यक्रमहरु संचालन गरिनेछ र जातिय विभेद, अल्पसंख्यक दलित, आदिवासी, मुस्लिम, तथा राज्यको मूलप्रवाहमा आउन नसकेको नागरिकहरुका मूल सरोकारका विषयमा अध्ययन गरी मूलप्रवाहिकरण कार्यनीति निर्माण गरिनेछ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा स्थानीय बैक संग समन्वय गरि सहज ढंगले वितरण हुने व्यवस्था मिलाईनेछ । सार्वजनिक तथा सामुदायिक भवनमा स्तन पानका लागि स्तनपान कक्षका लागि आवश्यक व्यवस्था मिलाईनेछ यो कार्यलाई क्रमसः अन्य संघ संस्थामा विस्तार गरिनेछ ।

महिला उद्यमीहरुलाई व्यवसायीक र प्रतिष्पर्धी बनाउन कार्यक्रम संचालन गरिनेछ । विवाद समाधान सम्पर्क व्यक्ति तोकी सेवाग्राहीलाई आईपर्ने सम्भावित समस्या तथा अन्यौल समाधान गर्ने व्यवस्था मिलाएको छु । उद्यमका माध्यमबाट रोजगारी सृजना गरि नगरपालिकालाई विशेष योगदान गर्ने महिलालाई सफल महिला उद्यमी घोषणा गरि सम्मान गर्ने व्यवस्था यसै आर्थिक वर्षबाट सुरुवात गर्ने व्यवस्था मिलाएको छु ।

## १२. बालबालिका

बालबालिकाका मौलिक हकको सुनिश्चितताका लागि बालबालिका सम्बन्धि जनचेतना जागरण कार्यक्रम संचालन गरिनेछ र हाल सम्म गठन भएका बाल क्लवलाई क्रियाशिल बनाईने छ साथै गठन नभएका ठाउमा बाल क्लव गठन गर्न प्रोत्साहित गरिनेछ । सामाजिक संजालका नकरात्मक पक्षहरु र बालबालिकामा परेका असर न्यूनीकरण गर्न विद्यालयका शिक्षकका लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ । बालबालिकाको शिक्षा, स्वास्थ्य पोषणमा अत्यावश्यक सुधार ल्याउन नेपाल सरकार बाल कल्याण समिति संग

समन्वय गरिनेछ | बाल श्रम मुक्त नगरपालिका घोषणाका मापदण्डहरु अनुसार नगरपालिकाका सबै वडामा अनुगमन तथा सुपरिवेक्षण गरिनेछ | "बाल विवाह सामाजिक अपराध हो" भन्ने नारालाई गाउँटोल स्तर सम्म पुर्याउन अभिमुखीकरण गरिनेछ |

## १३. युवा, मानव संसाधन, श्रम तथा रोजगार

राष्ट्रिय युवा नीति, २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समुहको जनसंख्यालाई युवा समूहमा राखिएको छ । राष्ट्रिय जनगणना २०७८, को तथ्याङ्क अनुसार बागमती नगरपालिकाभित्र १५ देखि ५९ वर्षसम्मका सक्रिय युवाहरुको संख्या २९हजार५४५ अर्थात ६२.७२ प्रतिशत रहेको छ । खेर गएको युवा शक्तिलाई परिणाममुखी श्रम शक्तिमा परिणत गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रम बजारमा प्रतिष्पर्धी र क्षमतावान बनाउने कार्यक्रम संचालन गरिनेछ | रोजगारीका लागि विदेशिने युवाहरुको . समग्र विवरण तयार गरिने र वैदेशिक रोजगारीका कानुनी व्यवस्था लगायतका विभिन्न जानकारी दिन बैदेशिक रोजगार सुचना केन्द्र स्थापना गर्ने व्यवस्था मिलाएको छु | युवालाई भविष्यमा आई पर्ने विपत व्यवस्थापन कार्यमा सहयोग गर्न युवा स्वयंसेवा दस्ताका लागि तालिम संचालन गर्न नेपाल प्रहरी तथा नेपाली सेना संग समन्यव गरिनेछ | सीपमुलक युवा उद्यमी कार्यक्रम संचालनका लागि सुविधायुक्त इनकुवेशन सेन्टर संचालन गर्न अध्ययन गरिनेछ |

## १४. शान्ति सुरक्षा

नगरपालिकामा बढ्दो शहरीकरणका साथसाथै विभिन्न खाले अपराध बढ्दै गैरहेको, चोरी जन्य कार्यमा वृद्धि भएको, सडक दुर्घटना वृद्धि, लागु पदार्थ दुर्व्यसनी जस्ता कार्यलाई न्यूनीकरण गर्न तथा शान्ति सुरक्षा आम नगरबासिमा आस्वस्थ हुने गरि स्थानीय प्रहरी संग समन्यव र सहजीकरण गरिनेछ | आवश्यक स्थानमा CCTV जडान गर्न सडक डिभाईडर राख्न र अन्य शान्ति सुरक्षाका कार्य गर्न नगरवासी संग प्रहरी कार्यक्रम संचालन गरिनेछ | यस

कार्यका लागि रु.४ लाख विनियोजन गरेको छु । नगरवासीको शान्ति सुरक्षाका लागि तथा व्यवस्थित नगरका मापदण्ड पुरा गर्न नगर प्रहरी भर्नाका लागि प्रकृया आरम्भ गरिनेछ।

## ग. पूर्वाधार विकास

### १५. खानेपानी तथा सरसफाई

आधारभूत खानेपानी सुविधा नपुगेका घरपरिवारमा खानेपानी सुविधा विस्तार गरिनेछ । खानेपानीको आर्सेनिक परिक्षण गर्ने व्यवस्था मिलाएको छु । विद्यालयमा खानेपानीको गुणस्तर परिक्षण गरि सुविधा विस्तार गरिनेछ । नगरपालिकाको सघन वस्तीका फोहोर मैला विसर्जनका लागि ल्याण्ड फिल साइड को सम्भाव्यता अध्ययन गरिनेछ । "फोहोरबाट मोहोर" भन्ने नाराका साथ कृषि योग्य मल प्रशोधन गर्ने कार्यका लागि निजि क्षेत्रसंग सहकार्य गरिनेछ । सार्वजनिक स्थल तथा बजार क्षेत्रको सरसफाई कार्यलाई निरन्तता दिईनेछ । खुल्ला दिशा मुक्त घोषणा भएका स्थानहरुमा खाना पान आहार व्यहार सम्बन्धि अनुगमन मुल्यांकन तथा प्रसार प्रसारका माध्यमबाट दिगोपन मापन गर्ने व्यवस्था मिलाएको छु ।

### १६. सिचाई

यस नगरपालिकाको अधिकास क्षेत्रमा बागमती सिचाई संचालनमा रहेको हुदाँ प्रदेश सरकारको सहकार्यमा सिचाई नभएको स्थानमा भूमिगत सिचाईको कार्य भईरहेको कार्थलाई निरन्तरता दिईनेछ ।

### १७. उर्जा

वैकल्पिक उर्जाका रुपमा स्थापित गोबर ग्यास प्रविधि मार्फत यस वर्ष ४० घर परिवारका लागि कार्यक्रम संचालन गरिनेछ। यसका लागि रु.१० लाख बिनियोजन गरेको छु ।

### १८. सडक तथा यातायात

हाल सम्म निर्माण भएका करिव २०० कि.मि.कालोपत्रे सडकको नियमित मर्मत सम्भार, आवधिक मर्मत सम्भार र विशेष मर्मत सम्भार गर्ने कार्यका लागि कार्यविधि तयार गरि कार्यन्वयन गरिनेछ । सडक संजालले नछोएका वडा कार्यालयमा सडक पूर्वाधार निर्माण गर्न विशेष जोड दिईनेछ । सडक यातायात गुरु योजनालाई समयानुकुल संसोधन, तथा परिमार्जन गरिनेछ । सघन वस्ती तथा बजार क्षेत्रमा अपाङ्गमैत्री फुटपाथ ट्राक र साईकिलिङ ट्राक निर्माण गर्न DPR तयार गरिनेछ । सडकको सिमा भन्दा बाहिर सडकका दुवै किनारमा मध्यम खालका रुख लगाउन स्थानीय वासीलाई प्रोहोत्सान गरिनेछ ।

सडक अतिक्रमण भएको क्षेत्रमा अतिक्रमण गर्नेलाइ दण्ड जरिवाना गरि सडक सौदर्यकरण सहित वातावरण मैत्री बनाईनेछ साथै ट्राफिक फर्निचरको व्यवस्था गरिनेछ। सडक सिमा सुरक्षाका कार्यक्रम यसै वर्ष शुरु गरिनेछ।

## १९. आवास, भवन तथा बस्ति विकास

शहरी पूर्वाधार विकासका लागि भएको अध्ययन अनुरुप पुर्व पश्चिम राजमार्गको करिव २० बर्ग कि.मि क्षेत्रमा व्यवस्थित तथा सुविधायुक्त शहर बसाउन पहल गरिनेछ । सार्वजनिक तथा व्यावसायिक भवनहरु अनिवार्य रुपमा अपाङ्ग मैत्री हुनु पर्ने व्यवस्थालाई थप प्रभावकारी बनाउने व्यवस्था गरेको छु । गरिव घर परिवारका लागि एकीकृत बस्ति निर्माण कार्यलाई निरन्तरता दिइनेछ । अत्यावश्यक स्थानहरुमा मोटरेवल पुल र झुलुंगे पुल निर्माणका लागि नेपाल सरकार र प्रदेश सरकार संग समन्वय गरिनेछ ।

## २०. बन, वातावरण तथा भू संरक्षण

नगरपालिका अन्तर्गतका सामुदायिक बनहरुको अभिलेख अध्यावधिक गरि संकट ग्रस्त सामुदायिक वनलाई सहयोग तथा सहजीकरण गरिनेछ । फेकोफन को सहकार्यमा सामुदायिक बनलाई व्यवस्थित र मर्यादित गर्दै लगिनेछ । नदिजन्य क्षति न्यूनीकरण गर्न ग्याबियन जाली, स्पर निर्माण कार्य गरिनेछ ।

बागमती आर्यघाट देखि दक्षिण आप बगैचा सम्मको क्षेत्रलाई हरित क्षेत्र बनाउने रुपमा विकास गरिनेछ।

२१. **विपत व्यवस्थापन**

विपत जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना लागु भई सकेको हुदा जोखिमका क्षेत्र पहिचान गर्ने नक्शांकन गर्ने तथा नगरपालिका भित्रका सम्भावित जोखिमबाट क्षति न्यूनीकरण गर्न पुर्व तयारीका लागि आवश्यक व्यवस्था मिलाएको छु । विपत व्यवस्थापन गर्न विभिन्न सघ संस्था, प्रहरी, नेपालि सेना, युवा दस्ता, स्थानीय लागायतका सरोकारवाला संग सहकार्य र समन्वय गरिनेछ । प्रकोप व्यवस्थापन कोषमा रु.३० लाख बजेट विनियोजन गरेकको छु । विपत पुर्व तयारीका लागि आवश्यक सामग्री प्रकोप व्यस्थापन कोषबाट खरिद गर्ने व्यवस्था मिलाएको छु । आगलागीबाट हुने क्षतिलाई न्यूनीकरण गर्न छिमेको पालिकासंग गरिदै आएको दमकल प्रयोग सम्झौतालाई निरन्तरता दिईनेछ ।

२२. **सस्थागत विकास,सेवा प्रवाह तथा सुशासन :**

जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ । पालिकाको नागरिक सन्तुष्टि सर्वेक्षणको कार्य अगाडी बढाईने छ । सुचना पाटि, सार्वजनिक सुनुवाई, प्रगति समिक्षा, वार्षिक स्मारिका प्रकाशन, कार्य सम्पादन सम्झौता कार्य तत्काल गरिनेछ । कार्य सम्पादनलाई थप प्रभावकारी बनाउन कर्मचारी प्रोत्साहन कार्य गर्ने तथा करारका कर्मचारीहरुलाइ सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ।

आयोजनाहरु नगरपालिकाको बजेटबाट मात्र सम्भव नहुने भएको ले संघ तथा प्रदेश साथै अन्य स्थानीय तहहरु र निजि क्षेत्र तथा गैर सरकारी संस्थाको समेत लागत सहभागिता हुने अनुमान गरेको छु नगरका गौरबका आयोजनाहरुको लगानीको स्रोतहरु अन्तरतह सरकार सहलागानी तथा सार्बजनिक /निजि/सहकारी/सामुदायिक/गैसस साझेदारीको अबधारणा अनुरुप

परिचालन गरिने छ। अन्तर्राष्ट्रिय बिकास सहायता स्रोत समेत परिचालन हुने अनुमान गरेको छ। अधुरा गौरबका आयोजनाहरु नगरको आन्तरिक आय वृद्धि तथा रोजगारी सिर्जना गर्ने आयोजनाहरुको लागि बहुबर्षे भुक्तानी योजना बनाई आयोजनाको कुल लागत अनुमान बमोजिम ठेक्का बन्दोबस्त गर्न सक्ने व्यवस्था मिलाएको छ। जसको लागि सह लगानी सम्बन्धी ऐन तथा साझेदारी ऐन कार्यान्वयन गरिने छ। उच्च प्रतिफल दर भएका आयोजनाहरुको लागि नगर विकास कोष तथा अन्य ऋण प्रदायक संस्थाहरुसंग स्रोत परिचालन गरिने व्यवस्था गरिने छ।

अन्तमा यस गरिमामय सभामा बजेट प्रस्तुत गर्ने अवसर मिलाई दिनु भएकोमा उपस्थित अध्यक्ष ज्यू नगर सभाका सदस्यज्युहरु, अतिथि ज्युहरु साथै कर्मचारी साथीहरुलाई हार्दिक धन्यवाद र आभार प्रकट गर्दछु ।

रुपा वोम्जन<br>
का वा नगर उपप्रमुख<br>
मिति २०८२ असार १०